बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

# नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४, दोस्रो संशोधन, २०७९

नगर कार्यपालिकाबाट पहिलो संशोधन स्वीकृत मिति:२०७७।०४।३२
नगर कार्यपालिकाबाट दोस्रो संशोधन स्वीकृत मिति : २०७९।०७।०४

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक ,बुड्ढी , कपिलवस्तु ।

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुद्धी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

# नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४, पहिलो संशोधन, २०७७ लाई संशोधन गर्न बनेको निर्देशिका, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०७/०४

**प्रस्तावना:**

नेपालको संविधान, २०७२ को अनुसूची–८ बमोजिम उपभोक्ता हित संरक्षणार्थ बजार अनुगमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुँदा सो संबैधानिक दायित्व कार्यान्वयनको लागि नेपाल सरकार मन्त्री परिषद्बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनको अधिनमा रही संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यो निर्देशिका तयार गरिएको छ।

उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरुमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तत्काल स्थानीय नगरपालिकाबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले बुद्धभूमी नगरपालिकाले नगर सभाको मिति २०७४/११/२७ को बैठकबाट पारित गरी यो निर्देशिका लागु गरेको निर्देशिकाको कार्यान्वयन सहजिकरणको तथा थप प्रभावकारिताको लागि संशोधन गर्न आवश्यक भएकोले बुद्धभूमि नगरपालिकाको मिति २०७९/०७/०४ मा बसेको कार्यपालिकाको बैठकले तपसिल बमोजिमको संसोधन गरेको छ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बढ्दी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद –१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस निर्देशिकाको नाम " नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४" दोस्रो संसोधन, २०७९ रहेको

(ख) यो निर्देशिका नगर कार्यपालिकाबाट संसोधन स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. मुल निर्देशिकाको दफा ८ को उपदफा २ को क. देखि छ. सम्म भएको व्यवस्थालाई खारेज गरी निम्न बमोजिम संशोधन गरिएको**

| | |
|---|---|
| अ. नगर-उप प्रमुख | संयोजक |
| आ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| इ. उद्योग बाणिज्य शाखा प्रमुख | सदस्य |
| ई. स्वास्थ्य शाखाको प्रतिनिधि | सदस्य |
| उ. इलाका प्रहरी कार्यालयको प्रतिनिधि | सदस्य |
| ऊ. उद्योग बाणिज्य संघको प्रतिनिधि | सदस्य |
| ऋ. स्थानिय उपभोक्ता हित संरक्षक | सदस्य |
| लृ. पत्रकार | सदस्य |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख